**बागमती प्रदेश सरकार**

संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय

हेटौडा, नेपाल

# आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रमको कार्यान्वयन कार्यविधि, २०८१

(बागमती प्रदेश सरकार, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको (माननीय मन्त्रीस्तर) बाट मिति २०८१/५/१५मा स्वीकृत)

**बागमती प्रदेश सरकार**

**संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय**

हेटौडा, नेपाल

आ.व.२०८१/८२

**प्रस्तावना:** बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अन्तर्गत संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र मातहतका निकायहरुको स्वीकृत कार्यक्रम तथा बजेटलाई कानुनी प्रक्रिया पुऱ्याइ सरल र पारदर्शी वनाई कार्यान्वायन गर्न वान्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन २०८१ को दफा ११ (२) ले दिएको अधिकार प्रयोग गरी संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले यो कार्यविधि बनाईएको छ।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल


परिच्छेद-१ ........ 7
प्रारम्भिक ........ 7
1. संक्षिप्त नाम र प्रारम्भ : ........ 7
२. परिभाषा: ........ 7
परिच्छेद-२ ........ 8
मार्गदर्शक सिद्दान्तहरु ........ 8
३. मार्गदर्शका सिद्धान्तहरुः ........ 8
परिच्छेद-३ ........ 11
पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास कार्यक्रम ........ 11
४. कार्यान्वयन गर्ने निकाय: ........ 11
५. स्थान छनोट गर्ने : ........ 11
६. लागत सहभागिता: ........ 11
७. अन्य कानून आकर्षित हुने: ........ 11
८. खरिद प्रकृया: ........ 11
९. प्रस्ताव स्वीकृत गर्ने: ........ 11
परिच्छेद-४ ........ 12
परामर्श सेवाबाट संचालन गरिने कार्यक्रम ........ 12
१०. संभाब्यता अध्ययन, गुरुयोजना तयारी, रणनीतिक योजना, विस्तृत परियोजना प्रतिवेदन तयारी, वातावरणीय अध्ययन, सफ्टवेयर निर्माण तथा सञ्चालन, पेटेन्ट दर्ता ........ 12
परिच्छेद-५ ........ 13
भ्रमण वर्ष कार्यान्वयन, सामाग्री सहयोग तथा तथा प्रचार प्रसार ........ 13
११. भ्रमण वर्ष कार्यन्वयन ........ 13
१२. मेला, महोत्सव वा प्रदर्शनी सञ्चालनमा सहयोग: ........ 14
१३. प्रचार प्रसार तथा सचेतना ........ 14
परिच्छेद-६ ........ 15
विविध ........ 15
१४. पुँजीगत अनुसन्धान तथा परामर्श खर्च शिर्षक अन्तर्गत कार्यान्वयन हुने कार्यक्रमहरु ........ 15
१५. Paradise Bagamati एपको सन्चालन तथा सुधारः ........ 16
१६. संस्कृत भाषा संरक्षण तथा प्रवर्द्धनका लागि सहयोग (२.७.२३.२): ........ 16
१७. टिम विल्डिङ (२.७.२५.२१४): ........ 16
१८. वार्षिक प्रगति पुस्तक तयारी तथा प्रकाशन (२.७.२५.२८६) ........ 16
१९. वातावरणीय अध्ययन प्रतिवेदन तथा कार्यसूची स्वीकृति सम्बन्धी सिफारिस समितिको बैठक भत्ता(प्राविधिक/विज्ञ सम्मिलित) २.७.२५.२८२) : ........ 16

२०. बजेट तयारी तथा छलफल कार्यक्रम (२.७.२५.३१४) ........................................ 17
२१. सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल (२.७.२५.३१५) ........................................ 17
२२. योजना तर्जुमा गोष्ठी : ........................................ 17
२३. गुरुकुलमा........................................ 17
२४. तामाङ र नेपाल भाषामा त्रैमासिकीय बुलेटीन प्रकाशन (२.७.२५.३२२) ........................................ 17
२५. भाषा दिवस २०८० को स्मारिका प्रकाशन (२.७.२५.३२३)........................................ 17
२६. भाषा दिवस कार्यक्रम सन्चालन (२.७.२५.३२४)........................................ 17
२७. बागमती प्रदेश भित्रका मुर्त तथा अमुर्त कलाहरुको Digital Archive तयारी (२.७.२५.३२५)................. 18
२८. प्रविधिमैत्री पर्यटन सूचना केन्द्र स्थापना तथा सन्चालन (२.७.२५.३२८)........................................ 18
२९. भाषा, संस्कृति, कला सम्पदा प्रवर्द्धन तथा जगेर्ना गर्ने उद्देश्य सहित बालबालिकाका लागि Animated Cartoon निर्माण (२.७.२५.३३०)........................................ 19
३०. बागमती लिटरेचर फेस्टिभल कार्यक्रम (२.७.२५.३३३)........................................ 19
३१. बागमती प्रदेशमा बौद्ध सर्किट स्थापनाका लागि अध्ययन (२.७.२५.३३४)........................................ 19
३२. बागमती प्रदेशमा झरना तथा जलाधार क्षेत्रमा पर्यटन विकास सम्बन्धी अध्ययन (२.७.२५.३३५)............... 20
३३. बागमती प्रदेशमा रहेका दलित समुदायको संस्कृति अभिलेखीकरण एवम् अध्ययन (२.७.२५.३३६)............ 20
३४. बागमती प्रदेशमा रहेका ४ वटा लोपोन्मुख जातीहरुको संस्कृति अभिलेखीकरण एवम् अध्ययन (२.७.२५.३३७)21
३५. काठमाडौ उपत्यका वाहिर प्रचलित नेवारी समुदायको जात्रा अभिलेखीकरण तथा अध्ययन (२.७.२५.३३९). 21
३६. रैथाने खानाको पहिचान अभिलेखीकरण अध्ययन अनुसन्धान (२.७.२५.३४०)........................................ 21
३७. तराई पहाड हिमाल समेट्ने गरी पर्यटकीय राजमार्ग/कोरिडोर विकासका लागि अध्ययन (२.७.२५.३४३) ...... 22
३८. लोककवि राजभाइ जक: मि कृत नेवा: महान व्यक्तित्हवरुको काव्यिक जीवनी पुर्खाया पला: ख्वाँय् पुस्तक प्रकाशन (२.७.२५.३६०)........................................ 22
३९. मन्त्रालयस्तर त्रैमासिक प्रगति गोष्ठी (२.७.२५.३६१)........................................ 22
४०. पर्यटकीय/धार्मिक स्थलमा विशेष अवसरमा स्वास्थ्य शिविर सञ्चालन (२.७.२५.३०१)........................... 23
४१. प्रमुख पर्यटकीय क्षेत्रमा सरसफाइ अभियान (२.७.२५.३०२)........................................ 23
४२. ग्रामिण पर्यटन (होमस्टे, कृषि पर्यटन) प्रवर्द्धनात्मक कार्यक्रम (२.७.२५.३०३)........................................ 23
४३. पर्यटन व्यवसायमा कार्यरत (माउतेहरु) लाई सुरक्षा सामाग्री वितरण (२.७.२५.३०८) ............................. 23
४४. ऐतिहासिँक, सास्कृतिक तथा पर्यटकीय सम्पदाहरुको स्थलगत चित्रकला कार्यशाला तथा प्रदर्शनी (२.७.२५.३१२) 23
४५. ललितकला क्याम्पसको सहकार्यमा ऐतिहासिँक, सास्कृतिक तथा पर्यटकीय सम्पदाहरुको स्थलगत मुर्तीकला कार्यशाला तथा प्रदर्शनी (२.७.२५.३१३) ........................................ 23
४६. VITOF Nepal को सहकार्यमा गन्तव्य परिचायत्मक कार्यक्रम (२.७.२५.३३१) ........................................ 24
४७. तामाङ हेरिटेज पदमार्गमा संकेत चिन्हहरु राख्ने (२.७.२५.३३२)........................................ 24
४८. मौसमी पर्यटकीयस्थानको पहिचान सम्बन्धी अध्ययन (२.७.२५.३४५) ........................................ 24
४९. स्थापित पर्यटकीय क्षेत्रमा उच्च मुल्यको पर्यटन विकाश सम्बन्धी अध्ययन (२.७.२५.३४६)...................... 24
५०. नयाँ पर्यटन गन्तव्यको स्थान विशेष ब्रान्डिङ्ग सम्बन्धी अध्ययन (२.७.२५.३४७) ................................ 25
५१. धार्मिक तथा पर्यटकीय पदमार्गहरुमा संकेत चिन्हहरु राख्ने (२.७.२५.३५१)........................................ 25

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल


५२. पर्यटन प्रवर्धनको लागि प्रचार प्रसार (२.७.५.३५ / २.७.५.३८) ........ 25
५३. बागमती प्रदेशको पर्यटकीय/साँस्कृतिक स्थलको प्रचारका लागि फोटो भिडियो संकलन/खरिद/प्रकाशन/प्रशारण (२.७.५.५४) ........ 25
५४. पर्यटन व्यवसायीको नियमित अनुगमन (२.६.१०.२) ........ 26
५५. पर्यटन क्षेत्रका सरोकारवालाहरुसँग अन्तरक्रिया गोष्ठी (२.७.२५.२७४) ........ 26
५६. पर्यटन व्यवसायीसँगको सहकार्यमा विश्व पर्यटन दिवस कार्यक्रम (२.७.२५.२९९) ........ 26
५७. सौराहा हात्ति महोत्सव कार्यक्रम (२.७.२५.३०५) ........ 26
५८. ऐतिहासक पौराणिक नृत्य प्रशिक्षण कार्यक्रम (२.७.२५.३२६) ........ 26
५९. पर्यटन प्रबर्धनका लागि माडी न.पा. का पर्यटकिय स्थलहरुको भिडियो निर्माण (२.७.२५.३५२) ........ 27
६०. चेपाङ Trail मा पदचिन्ह तथा हाईकिङ प्रवर्द्धन कार्यक्रम (२.७.२५.३५३) ........ 27
६१. गरुड वाहिनी भगवती देवीको जात्रा कार्यक्रम कामपा ५ कोटालटोल (२.७.२५.३५४) ........ 27
६२. नाय खिं बाजा संरक्षण तथा प्रवर्द्धन कार्यक्रम, (२.७.२५.३५५) ........ 27
६३. धार्मिक साँस्कृतिक अन्तरमिलन कार्यक्रम (२.७.२६.१४) ........ 28
६४. विभिन्न जातजातीका स्थानीय तथा रैथाने खानाहरुको महोत्सव (२.७.२७.७३) ........ 28
६५. अपाङ सरोकार केन्द्र मकवानपुरको सहकार्यमा अपाङता भएका व्यक्तिहरुद्वारा पर्यटकीयस्थलको भ्रमण (२.७.२८.४९) ........ 28
६६. राष्ट्रिय अपाङ महासंघ नेपालको सहकार्यमा अपाङ्तामैत्री पर्यटन प्रवर्द्धन अभिमुखीकरण कार्यक्रम (२.७.२८.५०) 28
६७. भाषा प्रशिक्षण कार्यक्रम (पाली र संस्कृत) (२.७.२८.५२) ........ 28
६८. विपशना ध्यान केन्द्रको सहकार्यमा योग/ध्यान/अध्यात्म शिविर सन्चालन (२.७.२८.५४) ........ 29
६९. भाषा ऐन कार्यान्वयन कार्यक्रम (२.७.२८.५७) ........ 29
७०. वैदिक/पौराणिक ग्रन्थहरुमा उल्लेख भएका स्थानहरुमा साँस्कृतिक पर्यटन प्रवर्द्धन कार्यक्रम (२.७.२६.१२)... 29
७१. पर्यटन दिवश (२.७.२७.६०) ........ 29
७२. खेल पर्यटनको लागि प्रवर्द्धनात्मक कार्यक्रम (२.७.२८.२८) ........ 29
७३. प्रदेशको चार पर्यटकीय पदमार्गको GIS Mapping (२.७.२८.३५) ........ 30
७४. ३ वटा ऐतिहासिँक/पुरातात्विक/सम्पदा सूची स्थलका 3D Mapping (२.७.२८.३६) ........ 30
७५. नीति निर्माता/प्रतिष्ठित व्यक्तित्व/ लगायतका व्यक्तित्वहरुलाई साहसिक पर्यटन गतिविधि सन्चालन (२.७.२८.४१) 30
७६. साहसिक पर्यटन प्रवर्द्धन कार्यक्रम (२.७.२८.४२) ........ 30
७७. पर्यटन मार्ग घोषणा कार्यक्रम (२.७.२८.४३) ........ 30
७८. फिल्म फेस्टिभल कार्यक्रम (२.७.२८.४४) ........ 30
७९. विभिन्न विधाका पर्यटकीय ट्राभल बुक (१० विधा) तयारी/प्रकाशन/छपाई (२.७.२८.५८) ........ 31
८०. विभिन्न विधामा पर्यटन प्रवर्द्धनका लागि छोटो बृत्तचित्र निर्माण (१० विधा) (२.७.२८.६०) ........ 31
८१. बुद्ध शिक्षा संरक्षण तथा प्रवर्द्धन कार्यक्रम (२.७.२६.१९) ........ 31
८२. एतिहासिक नाःगचा प्याखको प्रर्वद्धन, तालिम तथा कार्यक्रम (२.७.२८.६१) ........ 32
८३. नेपाल सम्पदा संघको सहकार्यमा विश्व पर्यटन दिवस मनाउने कार्यक्रम (२.७.२८.६९) ........ 32

८४. मुर्त र अमुर्त सम्पदा सम्बन्धी कार्याशाला गोष्ठी (२.६.४.११६) ........ 32
८५. होमस्टे सञ्चालक वा समुदायलाई आधारभूत Hospitality Training (२.६.४.८३) ........ 33
८६. नेचरगाईड........ 33
८७. होटल व्यवसायका कर्मचारीहरुका लागि Hospitality/अभिमुखीकरण तालिम (२.६.४.१०९)........ 33
८८. थान्का, पौवा चित्र प्रवर्द्धन तथा प्रशिक्षण कार्यक्रम (२.६.४.११७)........ 33
८९. डोल्मा खाङ हिमाल आरोहण रुट अन्वेषण........ 34
परिच्छेद-७........ 35
सहकारी सम्बन्धी ........ 35
९०. सहकारी सम्बन्धि उजुरी तथा छानबिन (२.६.१०.१ ):........ 35
९१. सहकारीको उजुरी संकलन कार्यका लागि सफ्टवेयर निर्माण (११.६.३१.११) ........ 35
९२. सहकारी सम्बन्धी सचेतनामूलक सामाग्री, श्रव्यदृश्य सूचना तयारी, प्रकाशन र प्रसारण (२.७.५.५२)........ 35
९३. प्रदेश नियमनमा रहेका सहकारीहरुको पुराना कागजातहरुलाइ डिजिटाइजेसन (२.६.८.४)........ 36
९४. प्रदेश सहकारी संघको साझेदारीमा प्रदेशस्तरीय सहकारी संघ संस्थाको प्रदेश सम्मेलन समिट कार्यक्रम (२.७.२५.३१६)........ 36
९५. सहकारीका असल अभ्यासहरुका बारेमा सफलताका कथाहरु संकलन तथा प्रकाशन (२.७.२५.३१७): ........ 36
९६. प्रदेश सहकारी संघको साझेदारीमा प्रदेशस्तरीय सहकारी संघ संस्थाको प्रदेश सम्मेलन समिट कार्यक्रम (२.७.२५.३१६):........ 37
९७. सहकारीका असल अभ्यासहरुका बारेमा सफलताका कथाहरु संकलन तथा प्रकाशन (२.७.२५.३१७ ): ........ 37
९८. उजुरि परेका सहकारी संघ संस्थाहरुको अनुगमन रिपोर्टिङ विज्ञ टोलि सहित (२.७.२५.३११)........ 37
९९. विषयगत सहकारीहरुको रणनीतिक योजना तयारी (२.७.२५.३४२)........ 37
१००. सहकारी सम्बन्धी सचेतनामूलक सामाग्री, श्रव्यदृश्य सूचना तयारी, प्रकाशन र प्रसारण (२.७.५.५२ ) ........ 38
१०१. संघसँगको सहकार्यमा सहकारी दिवस (२.७.२७.६८):........ 38

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "आर्थिक बर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "आयोजना" भन्नाले पर्यटन विकास आयोजना, हेटौंडा तथा पर्यटन विकास आयोजना इकाई कार्यालय काठमाण्डौलाई सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले बागमती प्रदेश सरकार, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र मातहतको निकायबाट कार्यान्वयन हुने आ.व.२०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम/क्रियाकलाप तथा लागत साझेदारीमा कार्यालयले व्यहोर्ने पूर्वाधार सम्वन्धी परियोजना/योजना समेतलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय अन्तर्गत स्थापना भएका पर्यटन कार्यालय, काठमाडौ, पर्यटन कार्यालय चितवन, सहकारी तालिम केन्द्र चितवन, प्रदेश सहकारी रजिष्टारको कार्यालय काठमाडौ, बागमती प्रदेशको समस्याग्रस्त सहकारी संस्थाको व्यवस्थापन समितिको कार्यालय, प्रदेश सहकारी विकास बोर्डलाई सम्झनु पर्छ।

(घ) "कार्यालय प्रमुख" भन्नाले तोकिएको आयोजना/कार्यालयको प्रमुख कर्मचारीलाई सम्झनु पर्छ।

(ङ) "कार्यविधि" भन्नाले आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ लाई सम्झनु पर्छ।

(च) "प्राविधिक समिति" भन्नाले सम्भाव्यता अध्ययन, गुरुयोजना तयारी, डि.पी.आर. तथा अन्य अध्ययन लगायतका कार्यको परामर्शदाताले पेश गरेको प्रतिवेदन पुनरावलोकन गरी स्वीकृतिको लागि सिफारिस गर्न गठन गरिएको विज्ञ सहितको समितिलाई सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले कार्यक्रम लागु हुने स्थानको स्थानीय तह सम्झनु पर्छ।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद-२

## मार्गदर्शक सिद्दान्तहरु

३. **मार्गदर्शका सिद्धान्तहरुः** निम्न विषयहरुलाई यस कार्यविधिको मार्गदर्शक सिद्धान्तको रुपमा राखिएको छ।

- कार्यक्रम संचालन गर्दा मितव्ययी, पारदर्शिता, जनसहभागीताको सिदान्तको आधारमा प्रभावकारी ढंगले गरी लाभग्राहि समुदायलाई अधिकतम फाईदा र रोजगारी श्रृजना हुने गरी संचालन गरिनेछ।
- कार्यक्रम सञ्चालन गर्दा सकेसम्म स्थानीय समुदाय तथा आदिवासी जनजाती (Indigenous People) को सामाजिक, आर्थिक तथा साँस्कृतिक पक्षलाई नकारात्मक प्रभाव नपर्ने गरि र वातावरणीय पक्षमा सकारात्मक प्रभाव पर्ने कार्यलाई एकीकृत रुपमा सञ्चालन गर्नुपर्नेछ।
- कामको प्रकृति र स्वीकृत बजेटको परिधीभित्र रही कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, प्रदेश भ्रमण खर्च नियमावली, २०७७ अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०७५ प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ र नियमावली, २०७६ सहित प्रचलित कानुनले तोकेको परिधि भित्र रहि कार्यक्रम तथा बजेट कार्यान्वयन गरिनेछ।
- कुनै सामुदायिक वन, धार्मिक वन, कवुलियती वन वा वन संरक्षण क्षेत्रको सिमानाभित्र पर्यटकीय/धार्मिक वा साँस्कृतिक सम्पदा पूर्वाधार निर्माण जस्ता आयोजना संचालन हुने भए प्रचलित वन ऐन र नियमावली अनुसार सम्वन्धित वनको कार्ययोजनामा समावेश गरी कार्ययोजना स्वीकृत भए पछि मात्र निर्माण कार्य प्रारम्भ गरिनेछ।
- कार्यक्रमहरुको लागि स्वीकृत बजेट खर्च गर्दा स्वीकृत गरेको नर्म्स सम्बन्धित जिल्ला वा स्थानीय तहको स्वीकृत दररेट, कार्यक्रम संचालन निर्देशिका, मार्गदर्शन र कार्यविधि लगायतको दस्ताबेज अनुरुप लागत अनुमान तयार गर्नुपर्नेछ।
- यस कार्यविधिमा समावेश हुन नसकेका कार्यक्रमहरु कार्यान्वयन गर्दा प्रचलित कानून तथा तालुक निकायको निर्णय एवं परिपत्र बमोजिम सञ्चालन गर्नु पर्नेछ।
- यस कार्यक्रम अन्तर्गत सञ्चालन गरीने क्रियाकलापहरुको लागि आवश्यक जग्गा सम्बन्धित व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीको नाममा रहेको हुनुपर्नेछ । अन्य सार्वजनिक तथा सरकारी जग्गा प्रयोग गर्ने हो भने प्रचलित ऐन नियम तथा कानुनले तोकेको मापदण्ड पुरा गरी भोगाधिकार लिए पश्चात कार्यक्रम संचालन गरिनेछ । जग्गा व्यवस्थापनको जिम्मेवारी मन्त्रालय तथा अन्तरगतका निकायको रहनेछैन।
- प्रचलित ऐन नियमानुसार कार्यसम्पादनको आधारमा भूक्तानी हुनेछ।
- संचालित क्रियाकलापहरुलाई थप प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहहरु तथा स्थानीय सरोकारवालाहरु संग पनि समन्वय र सहकार्य गरी कार्यक्रम संचालन गर्न सकिनेछ।

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिमको परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।
- संघीय सशर्त अनुदान मार्फत प्राप्त अख्तियारी बमोजिमका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि वनेको भए सोही बमोजिम र नवनेको भए यसै कार्यविधिमा भएको व्यवस्था बमोजिम कार्यान्वयन गरिनेछ।
- संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय अन्तर्गत चालु आ.व. २०८१/८२ मा स्वीकृत पर्यटन विकास सम्बन्धी पर्यटन पूर्वाधार तथा अन्य सार्वजनिक निर्माण लगायतका भौतिक पूर्वाधार निर्माणका कृयाकलापहरु तथा योजनाहरु मध्ये उपभोक्ता समिति /व्यवस्थापन समिति मार्फत सञ्चालन गरिने कार्यक्रमहरुको सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ अनुसार कार्य सञ्चालन तथा कार्य सम्पादन गरिनेछ। अन्यको हकमा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली अनुसार सञ्चालन गरिनेछ।
- एउटै प्रकृतिको काम गर्ने उपभोक्ता समिति (हरु) मौजुदा रहेको खण्डमा पुराना उपभोक्ता समितिहरु (जस्तै वन उपभोक्ता समिति, मन्दिर व्यवस्थापन समिति, खानेपानी उपभोक्ता समिति आदि) लाई नै प्राथमिकतामा राखी कामकाज गर्न सकिनेछ। तर सोको लागि सम्बन्धित लाभग्राही समुदायको बैठक बसी सो उपभोक्ता समितिलाई कामको जिम्मेबारी दिने भनी निर्णय गरिएको हुनुपर्दछ।
- कुनै पूर्वाधार विकास योजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भईसकेको तर बहुवर्षीय योजनाको रुपमा नतोकिएको र डिपिआर बमोजिम कुल लागत रकम एकमुष्ट विनियोजन नभई आंशिक रुपमा बजेट रकम विनियोजन भएको अवस्थामा सालवसाली कार्यक्रमको रुपमा तोकिएको बजेटको परिधि भित्र रही उपभोक्ता समिति वा व्यवस्थापन समिति मार्फत कार्यसञ्चालन गर्न सकिनेछ। तर, सम्बन्धित निकायबाट बहुवर्षीय योजनाको रुपमा तोकिएको भएमा ठेक्का प्रकृया द्वारा पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन गरिनेछ।
- विनियोजित कार्यक्रम, मन्दिर/गुम्बा/मस्जिद/चर्च लगायतहरुको लक्ष्य, उद्देश्य र स्वरूपमा फरक नपर्ने गरी आयोजना स्थलमा के कस्ता कृयाकलापहरु सञ्चालन गर्ने भन्ने विषयमा सम्बन्धित उपभोक्ता समिति तथा लाभग्राही समूहद्वारा पहिचान गरेबमोजिम प्राविधिक द्वारा लागत अनुमान तथा अध्ययनका आधारमा तय गरिनेछ। उपभोक्ता समिति मार्फत गरिने पूर्वाधार निर्माणको लागि आवश्यक जग्गा सम्बन्धित निकाय सँग समन्वय गरी उपभोक्ता समितिले छलफल गरी निर्धारण गर्नेछ।
- निर्माण कार्य सम्पन्न भई सके पश्चात पर्यटन विकास आयोजना मार्फत सम्बन्धित योजनाको फरफारक र पूर्वाधार हस्तान्तरण गरिनेछ। तत् पश्चात उक्त आयोजना/निर्माणकार्यको रेखदेख तथा मर्मत सम्भार गर्ने सम्पूर्ण जिम्मेबारी लाभग्राही समूहको हुनेछ। विगतका वर्षहरुमा प्रदेश पर्यटन विकास आयोजना वा मन्त्रालय अन्तर्गतका अन्य निकायहरुबाट कार्यसञ्चालन भई फरफारक तथा पूर्वाधार हस्तान्तरण भइसकेका स्थानहरुमा समेत यस वर्ष कार्यक्रम सञ्चालन गर्नुपरेमा कृयाकलापहरु तथा कार्य एकाईमा दोहोरोपना नहुनेगरी सोही लाभग्राही समूह मार्फत उपभोक्ता समिति गठन गरी चालु आर्थिक बर्षमा विनियोजन भएका कार्यक्रमहरु सञ्चालन गर्न बाधा पर्ने छैन।

- यस कार्यविधिमा उल्लेख भएको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र उल्लेख नभएको हकमा प्रचलित कानून अनुसार हुनेछ। सामुदायिक वन/ संरक्षण क्षेत्र भित्र पर्यापर्यटन हुने प्रकृतिका कार्यक्रमहरुको सवालमा बन सँग सम्बन्धित प्रचलित कानून बमोजिम कार्यान्वयन गर्न सकिनेछ।
- जिल्लास्थित कार्यालयहरुले स्थानीय तह तथा सरोकारवाला निकायहरुसँगको समन्वयमा स्थानीयस्तरमा संचालित कृयाकलापहरुको संयुक्त अनुगमन निरिक्षण गरी सो को प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्ने छ।
- सम्वन्धित स्थानिय तह तथा जिल्ला समन्वय समितिले समेत अनुगमन गर्न सक्नेछ।
- सवै कार्यक्रम वा योजनाको मासिक प्रतिवेदन (हरेक महिनाको ७ गते भित्र), त्रैमासिक प्रतिवेदन (महिनाको ७ गते भित्र) मन्त्रालयमा प्रगति विवरण पठाउनुपर्नेछ।
- विभिन्न गतिविधीहरु संचालन तथा कार्यान्वयन गर्न सहयोग गर्ने क्रममा प्राप्त हुने विभिन्न गुनासो तथा सरोकारहरु नियमानुसार व्यवस्थापन गर्नुपर्नेछ।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद-३

## पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास कार्यक्रम

४. **कार्यान्वयन गर्ने निकाय:** (१) पर्यटन पूर्वाधार विकास तथा पर्यटन प्रवर्द्धन कार्यक्रमहरु मन्त्रालय, आयोजना र कार्यालयहरु मार्फत कार्यान्वयन गरिनेछ।

(२) कार्यक्रम कार्यान्वय गर्दा स्थानीय तह, अन्य साझेदार तथा संघीय सरकारका निकाय वा कार्यालयसंग आवश्यक भएमा सहकार्य र समन्वय गरिनेछ।

५. **स्थान छनोट गर्ने** : (१) स्वीकृत वार्षिक कार्यक्रम तोकिएको स्थानमा संचालन गरिनेछ।

तर वार्षिक कार्यक्रममा स्थान उल्लेख नगरिएको हकमा भएका कार्यक्रमको लागि सम्बन्धित निर्वाचन क्षेत्रका माननीय सदस्य (प्रदेश सभा), स्थानीय तह लगायत सरोकारवालासंगको सुझाव र समन्वयमा उपयुक्त स्थानको छनोट गरिनेछ।

६. **लागत सहभागिता**: (१) उपभोक्ता समितिले संचालन गर्ने कार्यक्रममा जनसहभागिता बापत उपभोक्ता समितिबाट लागत सहभागिता १० प्रतिशत रकम राख्न लगाई कार्यक्रम संचालन गरिनेछ।

७. **अन्य कानून आकर्षित हुने**: (१) सामुदायिक वन क्षेत्रमा संचालन गरिने पर्यटन पूर्वाधार सम्वन्धि कार्यक्रमहरु "वन ऐन, २०७६ र वन नियमावली, २०७९" बमोजिम सञ्चालन गरिनेछ।

(२) वन क्षेत्रमा संचालन गरिने पर्यटन पूर्वाधार संबन्धि कार्यक्रमहरु वन संग सम्बन्धित निकायहरु संग समन्वय, सहकार्य गरि सहमती लिनु पर्ने भए सो समेत लिई कार्यक्रम संचालन गरिनेछ।

(३) ऐतिहासिक प्राचिन स्मारक तथा पुरातत्वसँग सम्बन्धित कार्यहरु प्राचिन स्मारक संरक्षण ऐन, २०१३ को नियमावली र कार्यविधी बमोजिम गरिनेछ।

८. **खरिद प्रकृया**: पर्यटन पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, प्रदेश आर्थिक ऐन, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ एवंम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त अख्तियारी मार्गदर्शन अनुसार गरिने छ।

९. **प्रस्ताव स्वीकृत गर्ने**: (१) वार्षिक कार्यक्रम संचालन गर्ने उपभोक्ता समिति, लक्षित समूह र सरोकारवाला पक्षले सम्बन्धित योजनाको अवधारणा, कार्ययोजना, गुरुयोजना, डि.पी.आर. तथा लागत अनुमान अन्य सरकारी निकाय, स्थानीय तह नेपाल सरकारबाट मान्यता प्राप्त सेवा प्रदायक संस्था वा कम्पनीबाट तयार गरी पेश गर्न सक्नेछ। उक्त कागजातहरु आयोजनाका प्राविधिकबाट पुनरावलोकन गरी आवश्यक भएमा स्वीकृत गर्न सकिनेछ।

(२) मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार संचालन हुने कार्यक्रमहरुको प्राविधिकहरुबाट सर्भे डिजाईन तथा लागत ईष्टिमेट तयार गरी प्रचलित कानुन बमोजिम उपभोक्ता समिति वा वोलपत्र वा सोझै खरिद प्रक्रिया मार्फत् कार्यान्वयन गरिनेछ।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद-४
## परामर्श सेवाबाट संचालन गरिने कार्यक्रम

१०. संभाब्यता अध्ययन, गुरुयोजना तयारी, रणनीतिक योजना, विस्तृत परियोजना प्रतिवेदन तयारी, वातावरणीय अध्ययन, सफ्टवेयर निर्माण तथा सञ्चालन, पेटेन्ट दर्ता

परामर्श सेवाबाट संचालन गरिने कार्यक्रम देहाय अनुसार गरिनेछ।

(क) सम्भाव्यता अध्ययन, गुरुयोजना तयारी, रणनीतिक योजना, विस्तृत परियोजना प्रतिवेदन तयारी, वातावरणीय अध्ययन, सफ्टवेयर निर्माण तथा संचालन आदि कागजातहरु तयार गर्न सो विषयसँग विज्ञता भएका मन्त्रालयमा कार्यरत कर्मचारीलाई प्राथमिकता दिने, आफूसँग सो नभए सम्बन्धित मन्त्रालयसँग समन्वय गरी आग्रह गर्ने सो नभए सूचिकृत कन्सल्टेन्सीबाट परामर्श सेवा खरिद गरी तयार गरिनेछ ।

(ख) अध्ययन गरिने कृयाकलापका लागि विषय विज्ञको सहयोगमा मन्त्रालय, आयोजना वा कार्यालयको कर्मचारीले वा विशेषज्ञ ईन्जिनियर वा प्राविधिक ले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गरिनेछ।

(ग) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ।

(घ) छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यादेश दिईनेछ।

(ङ) कार्यादेश बमोजिम परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको प्रारम्भिक, मस्यौदा र अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गर्नु पर्नेछ ।प्रस्तुतीकरणमा उपलब्ध गराईएका पृष्ठपोषणहरु समेतलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ।

(च) परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको अन्तिम प्रतिवेदन प्राविधिक समिति/समितिले पुनरावलोकन गर्नेछ। प्राविधिक समिति/समितिले संम्झौता र कार्यक्षेत्रगत शर्त पुरा गरे नगरेको एकिन गरी भुक्तानीको लागि सिफारिस सहित प्रतिवेदन पेश गर्नेछ।

## परिच्छेद-५

## भ्रमण वर्ष कार्यान्वयन, सामाग्री सहयोग तथा तथा प्रचार प्रसार

११. **भ्रमण वर्ष कार्यन्वयन :** (१) सन् २०२४ लाई बागमती प्रदेश सरकारले बागमती प्रदेश भ्रमण वर्षको रुपमा घोषणा गरेकोले सो को कार्यान्वयनको लागि मन्त्रालयमा कार्यक्रम कार्यान्वयन समिति गठन गरिनेछ ।

(२) कार्यक्रम कार्यान्वयन समितिले भ्रमण वर्ष कार्यान्वयनको लागि कृयाकलाप तयार गर्दा देहाय बमोजिमको आधार लिनु पर्नेछ।

(क) भ्रमण वर्ष प्रवर्द्धन गर्न श्रब्यदृष्य सामाग्रीहरुको रेडियो, टेलिभिजन तथा सामाजिक संजाल, अनलाइन मिडिया आदिका लागि उत्पादन र प्रसारण (अन्तराष्ट्रिय समेत)

(ख) प्रदेश भित्रका महत्वपूर्ण पर्यटकीय गन्तब्यहरु समेटिएको पुस्तक, ब्रोसियर, पम्प्लेट आदिको उत्पादन एवम् वितरण

(ग) भ्रमण वर्ष प्रवर्द्धनमा लागि (स्टिकर, मायाको चिनो, लोगो, भेस्ट, ज्याकेट, टोपी,व्याच,नारा,आदी) उत्पादन तथा वितरण

(घ) वेभसाइट मार्फत प्रचार प्रचार

(ङ) प्रदेशको पर्यटकीय नक्सा उत्पादन तथा वितरण

(च) प्रदेशको पर्यटकिय गन्तब्यहरुको प्रवर्द्धनको लागि विदेशी Expo, Seminar, Summit हरुमा भाग लिने तथा Stall राख्ने

(छ) ग्रामीण पर्यटन, दिगो तथा वातावरण मैत्री पर्यटन, उच्च मुल्यको पर्यटन सम्बन्धी अध्ययन तथा सिकाई आदानप्रदानका लागि सार्कस्तरीय अवलोकन भ्रमण ।

(ज) होर्डिङ्ग वोर्ड, Electronic Display, Board Installation and Display

(झ) भ्रमण वर्ष प्रवर्द्धनका लागि नेपाल स्थित विदेशी नियोग तथा राजदुतावासका उच्च पदस्थ व्यक्तिहरुको भ्रमण।

(ञ) भ्रमण वर्ष प्रवर्द्धनका लागि अन्तरप्रदेश भ्रमण एवम् आमन्त्रण।

(ट) भ्रमण वर्ष प्रवर्द्धनका लागि सांस्कृतिक कार्यक्रम, मेला महोत्सव, प्रदर्शनी, जात्रा, पुजा तथा प्रतियोगिता संचालन

(ठ) भ्रमण वर्ष प्रवर्द्धनका लागि राष्ट्रिय,अन्तराष्ट्रिय संघ संस्थाको सहकार्यमा विभिन्न कार्यक्रमहरु गर्ने।

(ड) भ्रमण वर्ष प्रवर्द्धनका लागि नारा तयारी र सदभावना दूत नियूक्ति गर्ने।

(३) कार्यक्रम कार्यान्वयन समितिले उपदफा (२) बमोजिम तयार भएको कृयाकलापलाई स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) यो कार्यक्रम कार्यान्वयन गर्दा मन्त्रालय आफै वा कार्यक्रम संग सम्बन्धित संघसंस्था, सरकारी निकाय, स्थानीय तह संघसंस्था समेत संग सहकार्य समन्वय र साझेदारी गरी कार्यक्रम संचालन गर्न सकिनेछ।

१२. **मेला, महोत्सव वा प्रदर्शनी सञ्चालनमा सहयोग**: (१) कुनै पनि मेला,महोत्सव वा प्रदर्शनी कार्यक्रम संचालन गर्दा स्थानीय तहको सिफारिस, कुल लागत अनुमान, खर्चको साझेदारीको विषय, आयोजक समितिको निर्णय लगायतका विषय समावेश गरी कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

(२) मन्त्रालय वा मातहतका निकाय आफै वा कार्यक्रम संग सम्बन्धित संघ संस्था, स्थानीय तह, सरकारी निकाय समेत संग सहकार्य समन्वय र साझेदारी गरी कार्यक्रम संचालन गर्न सक्नेछ।

(३) पर्यटन, संस्कृति तथा साहित्य संग सम्बन्धित मेला महोत्सव वा प्रदर्शनी संचालन गर्दा सम्बन्धित संस्था संग कार्यालयले सम्झौता गरी लागत अनुमानको आंशिक वा पूर्ण रकम उपलब्ध गराउन सक्ने छ। सो को विल भर्पाई, कार्य सम्पन्न प्रतिवेदन सहित कार्यालय वा मन्त्रालयमा पेश गर्नु पर्नेछ।प्राप्त कागजातको जाँचबुझ गरि नियमानुसार भुक्तानी गरिनेछ।

१३. **प्रचार प्रसार तथा सचेतना :** प्रचार प्रसार कार्य अन्तर्गत देहाय बमोजिमका कृयाकलापहरु संचालन गरिनेछ।

(क) पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले तयार पारेका श्रब्यदृष्य सामाग्रीहरुको टेलिभिजनहरु, अनलाईन तथा सामाजिक संजालहरु, (फेसवुक, युट्युव आदि) बाट प्रसारण,

(ख) प्रदेशमा रहेका महत्वपूर्ण गन्तब्यहरु समेटिएको किताव, ब्रोसियर, पम्प्लेट तयारी, छपाइ एवं वितरण

(ग) पर्यटन प्रवर्द्धनका लागि रेडियो एवं टेलिभिजन कार्यक्रम उत्पादन र प्रसारण

(घ) पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने खालका स्टिकर, लोगो, भेस्ट, ज्याकेट, टोपी, व्याच तयारी तथा वितरण

(ङ) अन्तरप्रदेश पर्यटन प्रवर्द्धन कार्यक्रम

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद-६
## विविध

१४. **पुंजीगत अनुसन्धान तथा परामर्श खर्च शिर्षक अन्तर्गत कार्यान्वयन हुने कार्यक्रमहरु** (१) सार्वजनिक निर्माणसँग सम्बन्धित सम्भाव्यता अध्ययन, सर्वेक्षण, डिजाइन, ड्रइङ्ग, अन्वेषण उत्खनन र अनुसन्धान, पुंजीगत निर्माणको लागतमा समावेश हुने परामर्श सेवा सम्बन्धी खर्च तथा अन्य पूँजीगत प्रकृतिका अध्ययन, अनुसन्धान तथा परामर्श खर्चबाट सन्चालन गरिने तपशिलका कार्यक्रमहरु देहाय बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

क) सन्चालन हुने कार्यक्रमहरुः

- एकीकृत पर्यटन विकास कार्यक्रम सम्भाव्यता अध्ययन (एक निर्वाचन क्षेत्र एक पर्यटकीय क्षेत्र) (११.५.४०.२८५)
- थानकोट पार्क व्यवस्थापन गुरुयोजना तयारी (११.५.४०.२८७)
- राजनीतिक क्रान्ति संग्रहालयको DPR तयारी (११.५.४०.२९०)
- बागमती प्रदेशको पर्यटन विकासको १५ वर्षे रणनीति तयारी (११.५.४०.२९२)
- कंकाली स्वीटजरल्याण्ड पार्क, ईन्द्रदह हुँदै नाङढुङ्गा सम्म पर्यटकीय विकास सम्भाव्यता अध्ययन नागार्जुन र चन्द्रागिरी काठमाडौ (११.५.४०.२८८)
- मकवानपुर जिल्लाको ईन्द्रसरोवरलाई केन्द्र मानि पालुङ चित्लाङ्ग दामनलाई फिल्म सिटिको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना तयार (११.५.४०.२७७)
- नेपाल फोटो संग्रहालय तथा पर्यटन प्रवर्द्धन केन्द्र निर्माणको सम्भाव्यता अध्ययन तथा डि.पि.आर. निर्माण (खैरहनी १० चितवन) (११.५.४०.२७८)
- कोट दरबार तथा संग्रहालय DPR थाहा नगरपालिका मकवानपुर (११.५.४०.२८९)
- पंचायन-बाराही-धरमपानी-नुवाकोट भैरबी एतिहासिक पदमार्ग डिपिआर बिदुर २ नुवाकोट (११.५.४०.२९१)

(२) अध्ययन गरिने कृयाकलापका लागि विषय विज्ञको सहयोगमा मन्त्रालय, आयोजना वा कार्यालयको कर्मचारीले वा आयोजनाको विशेषज्ञ ईन्जिनियरले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गरिनेछ,

(३) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ,

(४) छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यादेश दिईनेछ,

(५) कार्यादेश बमोजिम परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको प्रारम्भिक, मस्यौदा र अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गर्नु पर्नेछ ।प्रस्तुतीकरणमा उपलब्ध गराईएका पृष्ठपोषणहरु समेतलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ,

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

(६) परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको अन्तिम प्रतिवेदन प्राविधिक समितिले पुनरावलोकन गर्नेछ। प्राविधिक समितिले संम्झौता र कार्यक्षेत्रगत शर्त पुरा गरे नगरेको एकिन गरी भुक्तानीको लागि सिफारिस सहित प्रतिवेदन पेश गर्नेछ,

१५. Paradise Bagamati **एपको सन्चालन तथा सुधारः** (१) यस कार्यक्रमको मुख्य उदेश्य मन्त्रालयले तयार पारेको Paradise Bagamati एपलाई अध्यावधी तथा स्तर उन्नती गर्नु रहेको छ । मन्त्रालयबाट तयार पारेको एपमा भएका पर्यटन, धार्मिक तथा साँस्कृतिक सम्पदा संग सम्बन्धित विवरणहरू लाई अध्यावधिक गर्न, उक्त एपमा भएका पर्यटन ब्यावसायहरू ( होटल, टुर्स एण्ड ट्राभल एजेन्सी, होमस्टे, र्याफ्टिङ् आदी) को विवरण अध्यावधिक गर्नु का साथै उपलब्ध भएका पर्यटन ब्यावसायहरूको सम्पर्क नम्बर, वेवसाईट, युटुब च्यानलहरू आदी को लिंक समेत राख्ने व्यवस्था गर्ने गरी सो को कार्यक्षेत्रगत शर्तहरू तयार पारी सार्वजनिक खरिद ऐन २०६४ तथा नियमावली २०६४, प्रदेश सार्वजिनक खरिद नियमावली, २०७६ बमोजिम परामर्श दाता मार्फत कार्यक्रम सम्पन्न गरिनेछ ।

(२) स्तरोन्नती गरिएको एपको मन्त्रालयमा प्रस्तुति गर्नु पर्नेछ । प्रस्तुतीबाट प्राप्त सुझाव हरु समावेश गरी अन्तिम कार्य सम्पन्न भए पश्चात नियमानुसार भुक्तानी गरिनेछ ।

१६. **संस्कृत भाषा संरक्षण तथा प्रवर्द्धनका लागि सहयोग (२.७.२३.२)**: संस्कृत भाषा पढाउने विद्यालय, गुरूकुल आदिलाइ संस्कृत भाषा संरक्षण तथा प्रवर्धनका लागि माग बमोजिमको सूची तयार गरि (पूस्तक खरिद, प्रशिक्षक तालिम आदी) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम संरक्षण तथा प्रवर्द्धनका लागि सहयोग कृयाकलाप सचालन गरिनेछ ।

१७. **टिम विल्डिङ (२.७.२५.२१४)**: (१) मन्त्रालय वा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई काम प्रति उत्प्रेरणा, पुर्नताजगी गराई कार्यकौशलतामा बृद्धी गर्ने उद्देश्यले यो कार्यक्रम तय गरिएको छ । यस कार्यक्रम बजेटको परिधिभित्र रही आवासीयरुपमा समेत कार्यरत कर्मचारीहरुलाई सहभागी गराई सन्चालन गर्न सकिनेछ । यस कार्यक्रमको बजेट खाना, खाजा, ईन्धन, दैनिक भ्रमण भत्ता, पुनर्ताजगी कार्यक्रम, सवारी भाडा, आवास आदीमा खर्च गर्न सकिनेछ ।

(२) यो कार्यक्रमको प्रस्तावना र लागत अनुमान स्वीकृत गरी मन्त्रालय वा कार्यालयले कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. **वार्षिक प्रगति पुस्तक तयारी तथा प्रकाशन (२.७.२५.२८६)** आर्थिक वर्षको अन्त्यमा सम्बन्धित कार्यालयले गरेको सम्पूर्ण कार्यसम्पादनको प्रगति विवरण तयार गरी प्रकाशन तथा वितरण गर्ने ।

१९. **वातावरणीय अध्ययन प्रतिवेदन तथा कार्यसूची स्वीकृति सम्बन्धी सिफारिस समितिको बैठक भत्ता(प्राविधिक/विज्ञ सम्मिलित) २.७.२५.२८२)** : (१) मन्त्रालय वा कार्यालयले सम्बन्धित विज्ञहरूको विषयगत विशेषज्ञताको सूची तयार गरिनेछ । आवश्यकता अनुसार रोष्टरमा सूचीकृत विज्ञ तथा विभिन्न निकायमा कार्यरत प्राविधिक/विज्ञ समेतको संलग्नतामा वातावरणीय अध्ययन प्रतिवेदन तथा कार्यसूची स्वीकृति सम्बन्धी सिफारिस समिति गठन गरिनेछ । विनियोजित बजेट बैठक भत्ता, खाजा, खाना, आवश्यकता अनुसार अनुगमन कार्य समेतमा खर्च गर्न सकिनेछ ।

२०. **बजेट तयारी तथा छलफल कार्यक्रम (२.७.२५.३१४)** मन्त्रालय वा मातहतका निकाय, कार्यालयहरु बाट आगामी आर्थिक बर्षको लागि तयार पारेका बजेटमा विस्तृत छलफल गरी प्राथिमकता तोकी प्राप्त बजेट सिलिंग भित्र रही वार्षिक योजना निर्माण गर्न यो कार्यक्रम राखिएको हो । आवश्यकता अनुसार प्रदेशका अन्य मन्त्रालय, प्रदेश योजना आयोगका सदस्य, संघीय विभागका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ । यस शिर्षकको रकम बैठक भत्ता, खाजा, खाना, हल भाडा, स्टेशनरी, पानी, लगायतमा स्वीकृत नर्मस को परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिने छ ।

२१. **सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल (२.७.२५.३१५)** मन्त्रालयसँग सम्बन्धित समसामयिक विषयमा विभिन्न सरोकारवालाहरुसँग मन्त्रालयमा वा अन्य स्थानमा छलफल कार्यक्रम गरिनेछ । विनियोजत बजेट खाना, खाजा, हलभाडा, ईन्धन, पानी, सन्चार, आदीमा प्रदेश सरकारको स्वीकृत नर्म्स बमोजिम खर्च गर्न सकिनेछ ।

२२. **योजना तर्जुमा गोष्ठी** : मन्त्रालय वा मातहतका निकाय, कार्यालयहरु बाट आगामि आ.व. को लागि तयार पारेका योजनाहरुमा विस्तृत छलफल गरी प्राथिमकता तोकी प्राप्त बजेट सिलिंग भित्र रही वार्षिक योजना निर्माण गर्न यो कार्यक्रम राखिएको हो । आवश्यकता अनुसार प्रदेशका अन्य मन्त्रालय, प्रदेश योजना आयोगका सदस्य, संघीय विभागका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ । यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि समन्वय भत्ता, खाजा, हल भाडा, यातायात खर्च, संचार, स्टेशनरी, व्यानर, पानी, गोष्ठीको प्रतिवेदन लेखन लगायतमा स्वीकृत नर्मस को परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिने छ ।

२३. **गुरुकुलमा कार्यरत कर्मचारी तथा विद्यार्थीहरुलाई धर्म ग्रन्थ सम्बन्धी अभिमुखीकरण कार्यक्रम (२.७.२५.३२०)** यस प्रदेशमा रहेका गुरुकुलका कार्यरत कर्मचारी, विद्यार्थी, शिक्षकहरुलाई धर्म, संस्कृतिका विज्ञहरुबाट अभिमुखीकरण कार्यक्रम सन्चालन गरिनेछ । यस शिर्षकमा विनियोजित बजेट खाना, खाजा, प्रशिक्षक भत्ता, दैनिक भ्रमण भत्ता आदीमा खर्च गरिनेछ ।

२४. **तामाङ र नेपाल भाषामा त्रैमासिकीय बुलेटीन प्रकाशन (२.७.२५.३२२)** मन्त्रालयले वा सेवा प्रदायक वा व्यक्तिबाट तामाङ र नेपालमा भाषामा त्रैमासिकीय बुलेटिन प्रकाशन गरिनेछ । विनियोजित बजेट सम्पादन, संकलन, विज्ञ खर्च, पारिश्रमिक, प्रकाशन, बैठक भत्ता आदीमा खर्च गर्न सकिनेछ ।

२५. **भाषा दिवस २०८० को स्मारिका प्रकाशन (२.७.२५.३२३)** मन्त्रालयले वा सेवा प्रदायकका मार्फतबाट भाषा दिवस २०८० को स्मारिका तयारी तथा प्रकाशन गरिनेछ । विनियोजित बजेट सम्पादन, संकलन, विज्ञ खर्च, पारिश्रमिक, प्रकाशन, बैठक भत्ता, भ्रमण भत्ता आदीमा खर्च गर्न सकिनेछ ।

२६. **भाषा दिवस कार्यक्रम सन्चालन (२.७.२५.३२४)** बागमती प्रदेश सरकारले तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषाको रुपमा मान्यता दिएको दिन बैशाख २४ गतेलाई भाषा दिवसको रुपमा मनाउने गरिएको छ । यस

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

आर्थिक बर्ष मा पर्ने भाषा दिवस मनाउन बागमती प्रदेशका भाषा क्षेत्र संग सरोकार राख्ने सरकारी तथा गैह्र सरकारी संघ, संस्था एवं निजी क्षेत्रको प्रतिनिधित्व हुने गरी मन्त्रालय आफैले वा सेवा प्रदायक संस्था मार्फट समारोहको आयोजना गरेर मनाईनेछ । विनियोजित बजेट खाना, खाजा, प्रचार प्रसार सामाग्री उत्पादन/प्रकाशन, विज्ञापन, दोसल्ला, मायाको चिनो, स्टेज निर्माण, ब्यानर, पानी आदीमा खर्च गर्न सकिनेछ । लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. **बागमती प्रदेश भित्रका मुर्त तथा अमुर्त कलाहरुको** Digital Archive **तयारी (२.७.२५.३२५)** (१) बागमती प्रदेश भित्रका मुर्त तथा अमुर्त कलाहरुको अभिलेखीकरण एवम् Digital Archives तयारीका लागी आवश्यकता अनुसार विषय विज्ञको सहयोगमा मन्त्रालयले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गरिनेछ।

(२) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ ।

(३) छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यादेश दिईनेछ।

(४) कार्यादेश बमोजिम परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको प्रारम्भिक, मस्यौदा र अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गर्नु पर्नेछ । प्रस्तुतीकरणमा उपलब्ध गराईएका पृष्ठपोषणहरु समेतलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको अन्तिम प्रतिवेदन सम्बन्धित शाखाले संम्झौता र कार्यक्षेत्रगत शर्त पुरा गरे नगरेको एकिन गरी भुक्तानीको लागि सिफारिस सहित पेश गर्नेछ।

२८. **प्रविधिमैत्री पर्यटन सूचना केन्द्र स्थापना तथा सन्चालन (२.७.२५.३२८)** (१) बागमती प्रदेशका मुख्य नाकाहरूबाट प्रवेश गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरूलाई प्रवेश विन्दुमै छिटो छरितो सूचना प्रवाह, सहजीकरण गर्नुका साथसाथै भित्रिएका पर्यटकहरूको तथ्यांक अध्यावधीक गर्ने उदेश्यले पर्यटक सहायता कक्ष संचालन तथा ब्यवस्थापन गर्नु यस कार्यक्रमको मुख्य उदेश्य रहेको छ ।

(२) यस कार्यक्रममा विनियोजन भएको बजेटलाई निम्नानुसारका कृयाकलापहरु गर्न सकिनेछ ।

क) पर्यटक सूचना केन्द्र आवश्यकता अनुसार सौन्दर्यीकरण तथा मर्मत सम्भार गर्न ।
ख) सूचना केन्द्र रेखदेख र पर्यटकहरुलाई जानकारी दिन तथा तथ्यांक अध्यावधिक राख्नको लागि आवधिक रुपमा सहजकर्ताको व्यवस्थापन ।
ग) सूचना केन्द्र सेवा लाई प्रभावकारी बनाउन सूचना प्रविधि यन्त्र जडान गर्न ।
घ) सूचना केन्द्र संचालनका लागि स्टेसनरी तथा मसलन्द सामग्री खरीद गर्न ।
ङ) पिउने पानी/विजुली/ईन्टरनेट आदीको ब्यवस्थापन गर्न ।
च) सूचना केन्द्र सन्चालनको लागि आवश्यक पर्ने सुचना तथा जानकारी मुलक सामग्रीको उत्पादन/प्रकाशन तथा प्रसारण गर्न ।
छ) सूचना केन्द्रको घरभाडा

(३) उपदफा (२) अनुसारका विषयबस्तुहरू समेटी पर्यटक सूचना केन्द्रको संचालन तथा संयोजन मन्त्रालय आफैले वा अन्य सरकारी निकाय वा अन्य सरोकारवाला निकायसँग सहकार्य गरी गर्न सक्नेछ ।

(४) कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली अनुसार द्विपक्षिय समझदारी पत्र तयारी गरी सोही बमोजिम निर्णय सहित पेश भएका बिल, भर्पाई बमोजिम स्विकृत बजेट एवं समझदारी पत्रको अधिनमा रहि एकै पटक वा पटक पटक गरी सम्बन्धित संस्थालाई नियमानुसार भुक्तानी गर्न सकिने छ।

(५) यो कार्यको समय समयमा स्थलगत अनुगमन मन्त्रालयले गर्नेछ।

२९. **भाषा, संस्कृति, कला सम्पदा प्रवर्द्धन तथा जगेर्ना गर्ने उद्देश्य सहित बालबालिकाका लागि** Animated Cartoon **निर्माण (२.७.२५.३३०)** (१) भाषा, संस्कृति, कला सम्पदा प्रवर्द्धन तथा जगेर्ना गर्ने उद्देश्य सहित बालबालिकाका लागि Animated Cartoon निर्माण लागी आवश्यकता अनुसार विषय विज्ञको सहयोगमा मन्त्रालयले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गरिनेछ।

(२) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ।

(३) छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यादेश दिईनेछ।

(४) कार्यादेश बमोजिम परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको प्रारम्भिक, मस्यौदा र अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गर्नु पर्नेछ। प्रस्तुतीकरणमा उपलब्ध गराईएका पृष्ठपोषणहरु समेतलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको अन्तिम प्रतिवेदन सम्बन्धित शाखाले संम्झौता र कार्यक्षेत्रगत शर्त पुरा गरे नगरेको एकिन गरी भुक्तानीको लागि सिफारिस सहित पेश गर्नेछ।

३०. **बागमती लिटरेचर फेस्टिभल कार्यक्रम (२.७.२५.३३३)** (१) बागमती लिटरेचर फेस्टिवल सञ्चालनका कार्यक्षेत्र गत शर्त र लागत अनुमान स्वीकृत गरी कार्यक्रम सन्चालन गर्न ईच्छुक संघ संस्थाहरुसँग निवेदन तथा प्रस्ताव माग गरिनेछ।

(२) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ।

(३) छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यादेश दिईनेछ।

(४) बागमती लिटरेचर फेस्टिवल सञ्चालनमा सहयोग कार्यक्रम स्वीकृत बजेटको परिधीभित्र रही कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४, प्रदेश सार्वजनिक खरिद नियमावलि २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६,आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, प्रदेश भ्रमण खर्च नियमावली, २०७७ प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ र नियमावली,२०७६, प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ सहित प्रचलित कानुनले तोकेको परिधि भित्र रहि कार्यक्रम तथा बजेट कार्यान्वयन गरिनेछ।

३१. **बागमती प्रदेशमा बौद्ध सर्किट स्थापनाका लागि अध्ययन (२.७.२५.३३४)** (१) यस प्रदेशमा रहेको हिन्दु/बोन/बुद्धिष्ट/तामाङहरुको धार्मिक/पर्यटकीय स्थल पहिचान तथा बौद्ध सर्किट स्थापनाका लागि गरिने

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

कृयाकलापका लागि आवश्यकता अनुसार विषय विज्ञको सहयोगमा मन्त्रालयले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गरिनेछ।

(२) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ।

(३) छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यादेश दिईनेछ।

(४) कार्यादेश बमोजिम परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको प्रारम्भिक, मस्यौदा र अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गर्नु पर्नेछ । प्रस्तुतीकरणमा उपलब्ध गराईएका पृष्ठपोषणहरु समेतलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको अन्तिम प्रतिवेदन सम्बन्धित शाखाले संम्झौता र कार्यक्षेत्रगत शर्त पुरा गरे नगरेको एकिन गरी भुक्तानीको लागि सिफारिस सहित पेश गर्नेछ।

३२. **बागमती प्रदेशमा झरना तथा जलाधार क्षेत्रमा पर्यटन विकास सम्बन्धी अध्ययन (२.७.२५.३३५)** (१) यस प्रदेशमा रहेको प्रमुख झरना तथा जलाधार क्षेत्रमा पर्यटन विकासको सम्भावना सम्बन्धी अध्ययन कार्यको लागी आवश्यकता अनुसार विषय विज्ञको सहयोगमा मन्त्रालयले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गरिनेछ।

(२) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ।

(३) छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यादेश दिईनेछ।

(४) कार्यादेश बमोजिम परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको प्रारम्भिक, मस्यौदा र अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गर्नु पर्नेछ । प्रस्तुतीकरणमा उपलब्ध गराईएका पृष्ठपोषणहरु समेतलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको अन्तिम प्रतिवेदन सम्बन्धित शाखाले संम्झौता र कार्यक्षेत्रगत शर्त पुरा गरे नगरेको एकिन गरी भुक्तानीको लागि सिफारिस सहित पेश गर्नेछ।

३३. **बागमती प्रदेशमा रहेका दलित समुदायको संस्कृति अभिलेखीकरण एवम् अध्ययन (२.७.२५.३३६)** (१) यस प्रदेशमा रहेको दलित समुदायको संस्कृति अभिलखीकरण एवम् अध्ययन कार्यको लागी आवश्यकता अनुसार विषय विज्ञको सहयोगमा मन्त्रालयले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गरिनेछ।

(२) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ।

(३) छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यादेश दिईनेछ।

(४) कार्यादेश बमोजिम परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको प्रारम्भिक, मस्यौदा र अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गर्नु पर्नेछ । प्रस्तुतीकरणमा उपलब्ध गराईएका पृष्ठपोषणहरु समेतलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको अन्तिम प्रतिवेदन सम्बन्धित शाखाले संम्झौता र कार्यक्षेत्रगत शर्त पुरा गरे नगरेको एकिन गरी भुक्तानीको लागि सिफारिस सहित पेश गर्नेछ।

३४. **बागमती प्रदेशमा रहेका ४ वटा लोपोन्मुख जातीहरुको संस्कृति अभिलेखीकरण एवम् अध्ययन (२.७.२५.३३७)** (१) यस प्रदेशमा रहेको लोपोन्मुख जातीहरुको संस्कृति अभिलेखीकरण एवम् अध्ययन कार्यको लागी आवश्यकता अनुसार विषय विज्ञको सहयोगमा मन्त्रालयले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गरिनेछ।

(२) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ ।

(३) छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यादेश दिईनेछ।

(४) कार्यादेश बमोजिम परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको प्रारम्भिक, मस्यौदा र अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गर्नु पर्नेछ । प्रस्तुतीकरणमा उपलब्ध गराईएका पृष्ठपोषणहरु समेतलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको अन्तिम प्रतिवेदन सम्बन्धित शाखाले संम्झौता र कार्यक्षेत्रगत शर्त पुरा गरे नगरेको एकिन गरी भुक्तानीको लागि सिफारिस सहित पेश गर्नेछ।

३५. **काठमाडौ उपत्यका वाहिर प्रचलित नेवारी समुदायको जात्रा अभिलेखीकरण तथा अध्ययन (२.७.२५.३३९)** (१) काठमाडौ उपत्यका वाहिर प्रचलित नेवारी समुदायको जात्रा अभिलेखीकरण एवम् अध्ययन कार्यको लागी आवश्यकता अनुसार विषय विज्ञको सहयोगमा मन्त्रालयले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गरिनेछ।

(२) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ ।

(३) छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यादेश दिईनेछ।

(४) कार्यादेश बमोजिम परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको प्रारम्भिक, मस्यौदा र अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गर्नु पर्नेछ । प्रस्तुतीकरणमा उपलब्ध गराईएका पृष्ठपोषणहरु समेतलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको अन्तिम प्रतिवेदन सम्बन्धित शाखाले संम्झौता र कार्यक्षेत्रगत शर्त पुरा गरे नगरेको एकिन गरी भुक्तानीको लागि सिफारिस सहित पेश गर्नेछ।

३६. **रैथाने खानाको पहिचान अभिलेखीकरण अध्ययन अनुसन्धान (२.७.२५.३४०)** (१) बागमती प्रदेश भित्रका जातजातीहरुको रैथाने खानाको पहिचान, अभिलेखीकरण एवम् अध्ययन कार्यको लागी आवश्यकता अनुसार विषय

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

विज्ञको सहयोगमा मन्त्रालयले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गरिनेछ।

(२) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ ।

(३) छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यादेश दिईनेछ।

(४) कार्यादेश बमोजिम परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको प्रारम्भिक, मस्यौदा र अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गर्नु पर्नेछ । प्रस्तुतीकरणमा उपलब्ध गराईएका पृष्ठपोषणहरु समेतलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको अन्तिम प्रतिवेदन सम्बन्धित शाखाले संम्झौता र कार्यक्षेत्रगत शर्त पुरा गरे नगरेको एकिन गरी भुक्तानीको लागि सिफारिस सहित पेश गर्नेछ।

३७. **तराई पहाड हिमाल समेट्ने गरी पर्यटकीय राजमार्ग/कोरिडोर विकासका लागि अध्ययन (२.७.२५.३४३)** (१) बागमती प्रदेश भित्र तराई पहाड हिमाल समेट्ने गरी पर्यटकीय राजमार्ग/कोरिडोर विकासका लागि अध्ययन कार्यको लागी आवश्यकता अनुसार विषय विज्ञको सहयोगमा मन्त्रालयले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गरिनेछ।

(२) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ ।

(३) छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यादेश दिईनेछ।

